स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'कागबेनी'बाट नेपाली फिल्ममा डेब्यु गरेका सौगात मल्ल 'लुट'मा हाकु कालेको भूमिकाबाट सर्वत्र चिनिए। त्यसपछि उनले करिअरमा पछाडि फर्केर हेर्नु परेन। बक्स अफिसमा लगातार हिट फिल्म छैनन्, तर पनि उम्दा अभिनयले एकपछि अर्को फिल्ममा अवसर पाइरहेका छन्। सौगात अभिनेत्री तथा मिस नेपाल सृष्टि श्रेष्ठसँग लामो समयको प्रेम सम्बन्धले पनि चर्चामा रहे।

**आजको विचार...**



देश...
(दुई पेजमा)

अनुसा थापा



नायिका स्वस्तिमा खड्काले आफ्नो नामको दुरुपयोग गर्दै सामाजिक सञ्जालमार्फत ठगीको प्रयास भइरहेको भन्दै सबैलाई सतर्क रहन आग्रह गरेकी छन्। खड्काले सामाजिक सञ्जालमा जानकारी दिँदै आफू नजिकका साथीहरुलाई भाइबर र व्हाट्सएपमार्फत पैसा मागिएको जानकारी पाएकी बताएकी छन्। उक्त सन्देशहरु आफूले नपठाएको स्पष्ट पार्दै उनले यस्ता म्यासेजमा नझुक्किन सबैलाई अनुरोध गरेकी छन्।

❒ वर्ष ३१ अंक १७७ ❒ २०८२ माघ १० गते शनिबार 24 January 2026, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# कोरियाबाट फर्केर गाउँमै दुग्ध व्यवसाय

रासस

**तम्घास (गुल्मी),** माघ ९/ रुरुक्षेत्र गाउँपालिका-१ रिडीका रवि पन्त आजकाल किसानबाट दूध संकलन गर्ने र त्यसबाट विभिन्न परिकार बनाउनमा व्यस्त देखिन्छन्। बिहान र बेलुका दूध संकलन गर्ने एवं दिउँसो दूधबाट बन्ने विभिन्न परिकारबनाउने उनको दैनिकी बनेको छ । नेपालमा व्यवसायमा लगानी गर्न मानिस डराइरहेकाबेला पन्त भने दुग्ध व्यवसायमा जमेका छन् । रिडीमा 'गौरव दूध डेरी' बाट व्यवसायसञ्चालन गर्नुभएका उनले दूध संकलन, दूधबाट बन्ने परिकार छुर्पी, पनिर, दही,कुराउनी, छुर्पी, घ्यूलगायतका परिकार बनाएर बिक्री गर्छन् । उनको डेरीमा दैनिक औषतमा एक हजार १००लिटर दूध जम्मा हुन्छ । त्यसमा ८० प्रतिशत दूध छत्रकोट गाउँपालिकाबाट आउनेगर्दछ भने बाँकी दूध सत्यवती र तानसेनबाट आउने गर्दछ । उनले गाई र भैंसीकोदूध संकलन गर्छन् ।



दूध खरिद गरेबापत उनले दैनिक रु ७५ देखि ८०हजार अर्थात् मासिक रु २१ लाख किसानलाई भुक्तानी दिन्छन् । दूधको गुणस्तरअनुसारकिसानलाई रकम प्रदान गर्ने पन्त बताउन्छन् । किसानबाट संकलन गरिएको दूध उनले स्थानीय बजारका साथै पाल्पा, बागलुङ, स्याङ्जा र बुटबलसम्म पनि बिक्री गर्छन् । बाँकीरहेको दूधलाई दही, पनिर, छुर्पीलगायतका परिकार बनाएर सदुपयोग गर्छन् । गतवर्ष बुटबलको दुग्ध विकास संस्थानलाई ८४ हजार लिटर दूध बिक्री गरेका थिए ।संस्थानले विभिन्न परिकार बनाउनको लागि दूध खरिद गर्दछ । दूधपछि बढी मात्रामा दही बिक्री हुन्छ ।रिडीमा शव दाहासंस्कारका लागि धेरै मानिस आउने भएकाले पनि दहीको खपत बढी हुनेपन्तको भनाइ छ । फुटकर रु१४० मा दही बिक्री भइरहेको छ । गर्मीयाममा दैनिक २५०लिटरसम्म दही बिक्री हुने गरेको छ । उनले वार्षिक चार हजार लिटर घ्यू पनि उत्पादनगरी बिक्री गर्दै आएका छन् । प्रतिलिटर रु एक हजार ३०० मा स्थानीय बजारका साथसाथैबुटबल र काठमाडौंसम्म उनले उत्पादन गरेको घ्यू पुग्ने गरेको छ । पन्तलेप्रतिकिलो रु एक हजारमा कुराउनी बिक्री गरिरहेका छन् । दसैं, तिहार जस्ता चाडपर्व एवं पाहुनाले कोसेलीका रुपमा लैजाने गरेका छन्। गत दुई वर्षदेखि उनले छुर्पी उत्पादन गर्दै आएका छन् । फुटकरमा रु एक हजार ३०० रथोकमा प्रतिकिलो रु एक हजारमा छुर्पी बिक्री हुँदै आएको छ । स्थानीय बजारका साथसाथै पाल्पा, बुटबल र काठमाडौंसम्म पुग्ने छुर्पी यो वर्ष १५ क्विन्टल उत्पादन गर्ने लक्ष्यलिएको पन्त बताउन्छन् । उनी वैदेशिक रोजगारीका लागि सन् २००९ देखि १४ सम्म गरी छवर्ष कोरिया बसे । कोरियामा उनले समुद्रमा माछा मार्ने काम गर्थे । उनको आम्दानीपनि मासिक रु तीन लाख जति हुन्थ्यो । कोरियामा काम गर्दा उनले मिर्मिको जलविद्युत् ड्याममामाछा पाल्ने सोच बनाए । तर नेपाल फर्केपछि सोच बदले। रिडी नेपालको चार धाममध्येको एक रहेको रधार्मिक पर्यटक बढी आउने भएकाले उनले दूध डेरी सञ्चालन गर्ने निर्णय गरे ।कोरिया जानुभन्दा अगाडि उनले काठमाडौंमा नौ वर्ष चमेनागृह तथा होटल सञ्चालनगरेका थिए । तर त्यसबाट सन्तुष्ट नभएपछि उनी कोरिया गएका थिए । "अहिले आफ्नै ठाउँमासन्तुष्ट हुनेगरी व्यवसाय गरेको छु", रविले भने, "विदेशमा पैसा कमाएर पनि आफ्नो स्वाभिमान हुँदैन, तर स्वदेशमा थोरै पैसा कमाए पनि स्वाभिमान हुन्छ ।" उनले कोरियमाकमाएको पैसा सही ठाउँमा लगानी लगाएको बताए ।

## संक्षिप्त समाचार

### प्रहरी मुठभेडमा ६ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**इस्लामाबाद,** माघ ९/ पाकिस्तानको दक्षिणी सिन्ध प्रान्तमा भएको प्रहरी मुठभेडमा सशस्त्र डकैती गिरोहका ६ सदस्यको मृत्यु भएको छ । उक्त घटना बिहीबार प्रान्तीय राजधानी कराँचीको पाक कोलोनी क्षेत्रमा भएको हो । प्रहरीका अनुसार नौ सदस्यीय आपराधिक गिरोह लुकेको सूचना पाएपछि सुरक्षाकर्मीहरूले उक्त क्षेत्रमा छापा मारेका थिए । छापाका क्रममा गिरोहका सदस्यहरूले प्रहरीमाथि अन्धाधुन्ध गोली चलाएपछि दुवै पक्षबीच भीषण गोली हानाहान भएको थियो। मुठभेडको क्रममा ६ जना संदिग्ध घटनास्थलमै मारिएका हुन् ।घटनापछि प्रहरीले घटनास्थलबाट ६ थान पिस्तोल, गोली-बारुद, एक थान राइफल तथा दुईवटा मोटरसाइकल बरामद गरेको छ । प्रहरीका अनुसार बरामद गरिएका हतियारहरू विभिन्न आपराधिक गतिविधिमा प्रयोग गरिएको आशंका गरिएको छ । प्रहरीले उक्त गिरोह विभिन्न डकैती तथा सडक अपराधमा लामो समयदेखि संलग्न रहेको जनाएको छ। साथै, उनीहरू मंगलबार घरभित्र डकैती गर्ने क्रममा तीन दाजुभाइको हत्या गरिएको घटनामा पनि संलग्न रहेको आशंका गरिएको छ ।

भूकम्पबाट जोगिन सचेत बनौं

-भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
-भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
-आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं ।
-परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
-भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं ।
-आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।
भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## माघ शुक्लपञ्चमी : पाल्पामा पनि सरस्वतीको पूजा गरी मनाइयो

**पाल्पा,** माघ ९/ विद्याकी देवी सरस्वतीको पूजाअर्चना गरी पाल्पासहित देशैभर शुक्रबार श्रीपञ्चमी मनाइएको छ । यस दिन विद्यारम्भको मुख्य तिथि भएकाले बिहानैदेखि अभिभावकहरूले आ-आफ्ना बालबालिकालाई नजिकैका सरस्वती मन्दिर वा विद्यालयमा लगी सिसाकलम वा खरीले अक्षर लेख्न लगाउँदै अक्षरारम्भ गराए । सरस्वतीको पूजा आराधना गरी विद्यारम्भ गरे सर्वसिद्धि प्राप्त हुने भन्ने जनविश्वास रहँदै आएको छ । सोही अवसरमा पाल्पाका सरस्वती, देवी मन्दिर र विद्यालयहरुमा विद्याकी देवी सरस्वतीको पूजा आराधना गर्नेहरुको उल्लेख्य भीड रहेको थियो ।



पाल्पाका विभिन्न विद्यालयहरुमा नयाँ बालबालिकाहरुलाई सरस्वतीको पूजासँगै अक्षराम्भ गराइएको छ । तानसेनमा रहेको पाल्पा प्यारागन इङ्गलिस बोडिङ स्कूलले नयाँ बालबालिकाहरुलाई अक्षरारम्भ गराएको छ । २ वर्षदेखि ६ वर्ष उमेर सम्मका बालबालिकाहरुलाई अक्षराम्भ गराइएको विद्यालयका प्रिन्सिपल गंगाबहादुर खत्रीले बताए । बालबालिकालाई कापी, पाटी र ल्याप्टपमा लेख्न सिकाएर अक्षरारम्भ गराइएको थियो । स्कूलले सरस्वती पूजासहित सांस्कृतिक कार्यक्रम समेत गरेको थियो । विद्यालय परिसरमा शिक्षक, विद्यार्थी, अभिभावकसहित नागेश्वर भजन समूह बगनासकाली-३ को सहभागितामा सरस्वती पूजा, भजन किर्तन एवम् सांस्कृतिक कार्यक्रम आयोजना गरिएको स्कूलले जनाएको छ । अक्षराम्भ कार्यक्रमसहित शैक्षिक सत्र २०८३ को लागि बाल कक्षामा भर्ना खुलाइएको प्रिन्सिपल खत्रीले जानकारी दिए । शुक्रबार पच्चीस बालबालिका भर्ना भएका छन् । विद्यार्थीलाई उत्साह भर्न र कार्यक्रमलाई स्तरीय बनाउन सांस्कृतिक कार्यक्रमसहित सरस्वती पूजाको कार्यक्रम राखिएको विद्यालयका सह प्रधानाध्यापक रामप्रसाद तिमिल्सिनाले जानकारी दिए । उनका अनुसार हाल विद्यालयमा तीन सय पचाँस विद्यार्थीले अध्ययन गरिरहेका छन् ।यस्तै जिल्लाका अन्य विद्यालयहरुले समेत विद्यालय आउन सुरु गरेका साना बालबालिकालाई अक्षरारम्भ गराएको जनाएका छन् । यस दिनलाई विद्या, बुद्धि, कला र संगीतको उन्नयनसँग गाँसिएको मौलिक पर्वका रूपमा मनाइन्छ । सरस्वती प्रकट भएको दिन अर्थात् सरस्वती जयन्ती मानेर यस दिन सरस्वतीलाई विद्याकी देवीका रूपमा पूजा-आराधना गर्ने प्रचलन वैदिककालदेखि चलिआएको हो ।सरस्वती पूजाकै दिन बालबालिकाहरुले शिक्षारम्भ गर्ने र शिशुको नाक, कान छेडाउने प्रचलन छ । सो अवसरमा विद्यालयहरूले सरस्वती पूजा कार्यक्रम गरेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## शिक्षाको विकास : हिजो, आज र भोलि

शिक्षा कुनै पनि राष्ट्रको मेरुदण्ड हो । नेपालको समग्र विकास यात्रालाई नियाल्दा शिक्षाको अवस्था हिजो, आज र भोलि तीन फरक चरणमा उभिएको देखिन्छ । यी तीन कालखण्डले नेपालको शैक्षिक चेतना, उपलब्धि र चुनौतीहरुलाई स्पष्ट रुपमा चित्रण गर्छन् ।

हिजोको नेपालमा शिक्षा सीमित वर्गको पहुँचमा मात्र सीमित थियो । गुरुकुल, विहार र मदरसामा आधारित शिक्षा धार्मिक तथा परम्परागत ज्ञानमा केन्द्रित थियो । राणा शासनकालमा त आमनागरिकका लागि शिक्षा लगभग निषेध नै थियो । विद्यालय र पुस्तकहरू शासक वर्गको नियन्त्रणमा थिए । यस कारण साक्षरता दर न्यून रह्यो र शिक्षा सामाजिक रुपान्तरणको साधन बन्न सकेन । आजको अवस्थामा आइपुग्दा शिक्षा विस्तारको दायरा फराकिलो बनेको छ । सामुदायिक र निजी विद्यालय, क्याम्पस तथा विश्वविद्यालयहरूको संख्या उल्लेख्य रुपमा बढेको छ । संविधानले शिक्षालाई मौलिक हकका रुपमा सुनिश्चित गरेको छ । प्रविधिको प्रयोग, अनलाइन कक्षा र डिजिटल सामग्रीले सिकाइलाई सहज बनाएको छ । तर यति हुँदाहुँदै पनि शिक्षा क्षेत्रमा गुणस्तर, समान पहुँच र व्यवहारिकताको प्रश्न जस्ताको तस्तै छ । शहर र गाउँ, निजी र सामुदायिक विद्यालयबीचको अन्तर अझै घट्न सकेको छैन । बेरोजगार उत्पादन गर्ने शिक्षा प्रणालीप्रति आलोचना बढ्दो छ । अब प्रश्न उठ्छ-भोलिको शिक्षा कस्तो हुनुपर्छ ? भोलिको नेपालका लागि शिक्षा केवल प्रमाणपत्रमुखी नभई सीप, सोच र सिर्जनशीलतामा आधारित हुनुपर्छ । स्थानीय आवश्यकता, प्रविधि, उद्यमशीलता र नैतिक मूल्यलाई समेट्ने पाठ्यक्रम अपरिहार्य छ । शिक्षकको क्षमता अभिवृद्धि, अनुसन्धानमा लगानी र विद्यार्थीको आलोचनात्मक सोच विकासमा ध्यान दिनु आजको आवश्यकता हो ।

शिक्षा सुधार केवल नीति र बजेटले मात्र सम्भव हुँदैन । समाज, अभिभावक, शिक्षक र राज्य सबैको साझा प्रतिबद्धता चाहिन्छ । हिजोको कमजोरीबाट सिक्दै, आजका चुनौतीलाई समाधान गर्दै, भोलिको पुस्ताका लागि गुणस्तरीय र व्यवहारिक शिक्षा निर्माण गर्नु नै आजको राष्ट्रिय दायित्व हो ।

## Opinion @ Socia Network

सबैभन्दा चुप लागेर बस्ने मानिसहरू नै
सबैभन्दा गहिरो सोच बोकेर हिँड्छन् ।
(सागर महरजनको **फेसबुक स्टाटसबाट** www.facebook.com/Sagar.M11)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# देश आर्थिक संकट र विदेशी ऋणको दलदलमा



## अनुसा थापा

*देशभरका सिडियो कार्यालयले गरेको वर्गीकरणको आधारमा ९ देखि १८ हजार रुपैयाँसम्म भत्ता दिने निर्णय भएको छ । सरकारले धमाधम छुट दिने र भत्ता बाँड्ने घोषणा गरिरहेको छ । तर, प्रश्न सरकारसँग स्रोत छ ? भन्ने हो। कहाँबाट ल्याएर हजारौं घाइतेलाई मासिक यत्रो भत्ता दिने ? उसैपनि देश वैदेशिक ऋणको दलदलमा फसेको छ। अर्थतन्त्र चौपट अवस्थामा छ । यस्तोमा घाइतेहरुलाई भत्ता बाँड्न र निःशुल्क विदेश पठाउन सम्भव छ ? अर्कोतिर, पुनर्निर्माणको खर्च त्यसै छ । सुशीला सरकारले सस्तो लोकप्रियता बटुल्नको लागि देशको अवस्था नहेरिकन यस्ता निर्णय गरेकोजस्तो देखिन्छ । वैदेशिक ऋण २९ खर्ब ४२ अर्ब नाघिसकेको छ। सुशीला कार्की नेतृत्वको सरकारको खर्च पनि वैदेशिक ऋणले नै धानिरहेको छ । कोरोना बीमा गरेको अस्पतालको २४ अर्ब, दूध र उखु किसानको सात अर्ब, निर्माण व्यवसायीको ४५ अर्ब बक्यौता बाँकी छ ।*

गत भदौ २३ र २४ गते मुलुकमा अनपेक्षित घटना भयो। जेनजीहरुले गरेको प्रदर्शनले हिंसात्मक र ध्वंशात्मक रुप लिँदा सरकारी र निजी सम्पत्तिमा ठूलो क्षति पुगेको छ । सयौं सरकारी संरचना ध्वस्त हुँदा राज्यलाई खर्बौंको नोक्सानी भएको छ । त्यस्तै, निजी क्षेत्रले पनि दुई दिने प्रदर्शनमा ठूलो क्षति खेपेका छन् । जनताले तिरेको कर र विदेशबाट ल्याएको ऋणबाट बनेको भवन र खरिद गरिएको गाडी खरानी भएको छ । सरकारलाई मात्र ८४ खर्ब बराबरको क्षति भएको छ । निजी क्षेत्रको क्षति पनि खर्बौंको छ । यो आन्दोलनमा झण्डै ८० जनाको ज्यान गएको छ भने हजारौं घाइते र अंगभंग भएका छन् । जेनजी प्रदर्शन नियन्त्रणभन्दा बाहिर गएपछि केपी शर्मा ओलीले प्रधानमन्त्री पदबाट राजीनामा दिए । जेनजीको बलमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री बनेकी छिन् । भदौ २७ गते प्रधानमन्त्रीको शपथ खाएकी उनको प्रमुख म्याण्डेट चुनाव गराउने हो । तर, सुशासनको ठूल्ठूला नारा दिने कार्की पनि पुरानै दलहरुको बाटो हिँडिरहेकी छिन् । उनले पद सम्हालेपछि ५५ अर्ब ३६ करोड रुपैयाँ ऋण स्वीकृत गरिसकेकी छिन् । जेनजी आन्दोलनमा बितेकाभन्दा ४५ जना शहिद घोषणा गरेकोमा उनीहरुलाई प्रतिव्यक्ति १५ लाख रुपैयाँ क्षतिपूर्ति दिइएको छ । अन्य न शहिद घोषित भए न तिनका आफन्तले क्षतिपूर्ति पाए । सुशीला सरकारले यहीं भेदभाव गरेको छ । शहिद घोषणा भएकाको परिवारलाई महिनैपिच्छे भत्ता दिनुपर्छ । घाइतेहरुलाई उपचार गर्दा खर्बौं रुपैयाँ खर्च भइसकेको छ । राज्यले खर्च गरेपनि त्यो जनताले तिरेको कर हो । शहिदका आफन्तलाई वैदेशिक रोजगारीमा जानलाई कुनै शुल्क नलिने निर्णय कार्की नेतृत्वको मन्त्रिपरिषद्ले गरेको छ । उनीहरुलाई सरकारले आफ्नै खर्चमा विदेश पठाउने भनेको छ । जुनसुकै मुलुक गएपनि सरकारले खर्च व्यहोरिदिनेछ । त्यस्तै, सरकारले घाइतेहरुलाई मासिक भत्ता पनि उपलब्ध गराउने निर्णय गरेको छ । देशभरका सिडियो कार्यालयले गरेको वर्गीकरणको आधारमा ९ देखि १८ हजार रुपैयाँसम्म भत्ता दिने निर्णय भएको छ । सरकारले धमाधम छुट दिने र भत्ता बाँड्ने घोषणा गरिरहेको छ । तर, प्रश्न सरकारसँग स्रोत छ ? भन्ने हो। कहाँबाट ल्याएर हजारौं घाइतेलाई मासिक यत्रो भत्ता दिने ? उसैपनि देश वैदेशिक ऋणको दलदलमा फसेको छ। अर्थतन्त्र चौपट अवस्थामा छ । यस्तोमा घाइतेहरुलाई भत्ता बाँड्न र निःशुल्क विदेश पठाउन सम्भव छ ? अर्कोतिर, पुनर्निर्माणको खर्च त्यसै छ । सुशीला सरकारले सस्तो लोकप्रियता बटुल्नको लागि देशको अवस्था नहेरिकन यस्ता निर्णय गरेकोजस्तो देखिन्छ । वैदेशिक ऋण २९ खर्ब ४२ अर्ब नाघिसकेको छ। सुशीला कार्की नेतृत्वको सरकारको खर्च पनि वैदेशिक ऋणले नै धानिरहेको छ । कोरोना बीमा गरेको अस्पतालको २४ अर्ब, दूध र उखु किसानको सात अर्ब, निर्माण व्यवसायीको ४५ अर्ब बक्यौता बाँकी छ । सरकारले उनीहरुलाई भुक्तानी नदिएर झुल्याएर राखेको छ । देश गम्भीर आर्थिक संकटमा हुँदा कार्की सरकार भने बाँड्ने घोषणा गर्नमै व्यस्त छ । सरकारको आम्दानीभन्दा खर्च दोब्बर छ भनेर महालेखा नियन्त्रकको कार्यालयले प्रतिवेदन नै सार्वजनिक गरेको छ । खर्च कटौती गर्नुको साटो कार्की सरकार बढाउनतर्फ लागेको छ। अहिलेको विषम परिस्थितिमा त सरकार ज्यालादारी, करारका कर्मचारी हटाउने, सरकारी कर्मचारी र जनप्रतिनिधिहरुको तलब आधाले कटौती गरेर अघि बढ्नुपर्थ्यो । आन्तरिक खर्च कटौती गरेर सरकार देशलाई वैदेशिक ऋणमुक्त गराउनतर्फ केन्द्रित हुनुपर्थ्यो । नेपालमा एकै प्रकृतिको धेरै कार्यालय छन् । ती कार्यालयमा कर्मचारीको काम छैन । सरकारले ती कार्यालय गाँभेर खर्च कटौती गर्न सक्थ्यो । नजिक-नजिक भएका कार्यालयलाई एउटै भवनबाट सञ्चालन गरेर भाडा जोगाउन सकिन्थ्यो । तर, सरकारको त्यसतर्फ ध्यान नै छैन । अहिलेको अवस्थामा खर्च कटौती नगरिकन खर्च धान्न सकिएन । न जलेको र खरानी भएको सरकारी सम्पदा पुनर्निर्माण गर्न सम्भव छ । भदौ २३ र २४ गते जुन आन्दोलन भयो, त्यसले देशमा त केही परिवर्तन ल्याएन, झन सरकारको ढुकुटीमा चाप मात्र बढायो । आन्दोलनले के भयो ? राजनीति परिवर्तन भयो ? भारत र चीनले कब्जा गरेको नेपाली भूमि फर्कियो ? भ्रष्टाचार हट्यो ? विदेशी ऋण मिनाहा भयो ? संविधान खारेज भयो ? संघीयता हट्यो ? नेता र कर्मचारीको सम्पत्ति छानबिन भयो ? राजश्व छल्ने व्यापारीहरु कानुनको दायरामा आए ? अहँ केही पनि भएन । यो आन्दोलन केबल लुट्न, चोर्न र अर्काको सम्पत्तिमा आगो लगाउनका निम्ति मात्र थियो। कार्की आन्दोलनलाई उचाल्न आफैं सडकमा आइन । उनले यो-त्यो भनेपछि आन्दोलन झनै भड्कियो । जनताले खाईनखाई तिरेको करले निर्माण भएको सरकारी सम्पत्ति क्षणभरमै आगोको कालो मुस्लोसगै उड्यो । कार्की नेतृत्वको क्याबिनेटले सरकारी सम्पत्तिमा आगो झोस्ने, तोडफोड गर्ने, आन्दोलनको नाममा अराजकता मच्चाउनेहरुलाई छोड्ने निर्णय गरेको छ । जबकि, गौरीबहादुर कार्कीको आयोगले स्पष्ट रुपमा उनीहरुलाई पक्राउ गर्न भनेको छ । यदि, आन्दोलनको नाममा आगो लगाउनेलाई छोड्दै जाने हो भने देश नीति र थितिमा रहन्छ ।यसले दण्डहीनतालाई प्रोत्साहन मात्र गर्छ । अहिले आन्दोलन हुँदा सरकारी सम्पत्तिमा आगो झोस्नेले अर्कोचोटि अपराध गर्दैन भन्ने के ग्यारेण्टी ? सुशीला सरकारले समातेको ५९१ जनालाई त छोड्ने निर्णय गर्यो, सँगै बाँकीलाई पनि नसमात्ने भनिएको छ । २०४६ सालमा पञ्चायती व्यवस्था ढालेर बहुदलीय व्यवस्था ल्याउने क्रममा हजारौं शहिद भए । राजतन्त्र फाल्नका लागि माओवादीले गरेको १० वर्षे जनआन्दोलनमा १७ हजारले सहादत प्राप्त गरे । हजारौं घाइते, अंगभंग र बेपत्ता भए । राजनीतिक परिवर्तनका क्रममा आफ्नो आफन्त गुमाउने वा घाइते भएकाहरुले राज्यबाट कुनै सहयोग पाएका छैनन् । उनीहरुले आफ्नो ज्यान दाउमा राखेर राजनीतिक परिवर्तन गरे। तर, जेनजीले के गरे ? सरकारी सम्पत्तिमा आगो लगाए । तिनैलाई सरकारले पुरस्कृत गर्दैछ । कानुनको दायरामा पनि आउन नपर्ने, मासिक भत्ता पनि पाइने, वैदेशिक रोजगारीमा पनि सित्तैमा जान पाइने । कानुनले त तिनीहरुलाई जेलमा लगेर हाल भन्छ । तर, जेनजीको बलमा बनेको सरकारले कानुनको हातबाट त जोगायो, सँगै जनताले तिरेको करबाट भत्ता पनि दिने निर्णय गर्‍यो । त्यो मात्र होइन, जेनजी सरकारले पाँच वटा सहकारीको अर्बौं रकम हिनामिना गर्ने रवि लामिछानेलाई पनि रिहा गरिदियो । यो सरकार सुशासनको लागि बनेको रहेछ कि कुशासनका लागि ? अहिले छर्लंग भएको छ । देशमा लोकतन्त्र गणतन्त्र जीवितै छ । २०७२ असोज ३ गते बनेको संविधान नै छ देशमा । अहिलेपनि तीन तहको सरकार छ । फागुन २१ गते चुनाव गराउने शर्तमा उनले प्रधानमन्त्रीको शपथ खाएकी छिन् । त्यसपछि आउने त राजनीतिक दल नै हो। काँग्रेस र एमालेले संसद ब्यूँताउन सर्वोच्च अदालतमा रिट दायर गरिसक्यो । १३८ तत्कालीन सांसदको हस्ताक्षर अभियान शुरु भइसकेको छ । अदालतले संसद् ब्यूँताइदियो भने कार्कीको हालत के हुन्छ ? अहिलेको मन्त्री कहाँ हुन्छन् ? जेनजीको लिडर दाबी गर्ने सुधन गुरुङ्ग, मिराज ढुंगाना, सरकारी सम्पत्तिमा आगो लगाउनेहरु र रवि लामिछाने सबै जेल पुग्छन् । अदालतबाट संसद् नब्यूँतिएपनि चुनावपछि आउने सरकारले यिनीहरुलाई जेल कोचिहाल्छ । अब सबैको उल्टो दिनगन्ती शुरु भइसकेको छ ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :समय रमाइलो रहला । मित्रता र प्रेमको बन्धन कसिने बेला छ । | **तुला** : प्रेममा उच्च सफलताको हुने योग छ । प्रेमीप्रेमिकाको मिलन हुनेछ। |
| **बृष** :मनोरञ्जन र खेलवाडतिर लागिने छ । गुरुजनको हौसला मिल्लने छ । | **बृश्चिक** : सामाजिक काम गरिनेछ । आम्दानी पनि प्रशस्तै बढ्नेछ । |
| **मिथुन** :अस्वस्थता र कमजोरी महशुस होला । अरूका लागि समय खर्चनुपर्ला। | **धनु** :शरीरमा स्फूर्ति बढ्नेछ । प्रतिस्पर्धी तथा शत्रुपक्ष विस्थापित होलान् । |
| **कर्कट** :व्यवसायबाट सोचेको लाभ मिल्नेछ ।अरूको मन जित्न सकिनेछ । | **मकर** : व्यवसायिक भ्रमण गर्ने मौका आउला । आतिथ्यपूर्ण सम्मान पाइनेछ । |
| **सिंह** :मान प्रतिष्ठा मिल्ने समय छ । गरेका कामको प्रशंसा हुनेछ । | **कुम्भ** :मान प्रतिष्ठा मिल्ने समय छ । गरेका कामको प्रशंसा हुनेछ । |
| **कन्या** :धार्मिक क्रियाकलापबाट मनमा शान्ति मिल्नेछ ।कर्मसिद्धिको समय छ । | **मीन** :समय मध्यम छ । नजिकका व्यक्तिबाटै काममा धोका हुन सक्छ । |

# साहित्य दर्पण

निबन्ध ● रमेश भट्टराई

## बाहुनी बज्यैको हातै लच्छिनको

घर मूलबाटैको छेउमा । उकालोबाटो सकिएपछिको एउटा बिसौनी बन्ने लक्षित घर । घाम डुबेपछि दुई चारजना भरियाले बास माग्न आउँदा हजुरआमाले सहजै बास बस्न दिनुहुन्थ्यो । मजाले घरमा पाकेको जेजस्तो भोजन छ त्यो खान पनि पाउँथे । भेडाको उनको राडी र ओछ्याउने पाएपछि दिनभरि थाकेका भरियाहरू बिहान उज्यालो हुन्जेलसम्म सुत्थे । अलिकति पनि पीडा र अशान्तिको रङ देखिन्नथ्यो । बिहान यसो पैसा टक्र्याउन खोज्दा हजुरबाले 'भैगो पर्दैन' भन्नुहुन्थ्यो । उनीहरू फदयदेखि नै आभारी हुन्थे । म त्यो दि सम्झन्छु- कुनै समयमा फेरि त्यसै गरी आउनुपरेमा सम्झेर केही चिज ल्याइदिन्थे । आफूसँग तुरुन्तै दिन मिल्ने केही जिन्सी वस्तु भए उपहार दिन्थे । आभारी हुन्थे । हात जोड्दै आशीर्वाद दिन्थे । मीठो बोल्थे । त्यही हाम्रो त्यो संस्कृतिको उल्टो बटुवाको पैसा धुत्ने कुविचारले समाज कति रोगी भइसकेछ । खै, बदलिएको समय हो या मान्छे ? बारीको काँक्रो चिरा पारेर नुन खुर्सानीसँग बालबच्चाले रमाइरमाइ खान्थे । आजभोलि त कति पैसाको भयो भन्ने सोच मात्र सिकाउँदा लोभीपनाको मलजल भएछ क्यार । कसैको विवाह वर्तुनमा गाउँले मिलेर दाउरा काट्थे, कटेरो बनाउँथे, चित्रा, ओढाउने पलास्टिक, भाँडाकुँडाको जोहो गर्ने चलन आज एकाएक पैसाले नै तानेर लगेछ क्यार । गाउँमा कोही बिरामी परेमा औषधीमुलोदेखि झारफुक अथवा अस्पतालसम्म स्टेचर वा बाँसको स्टेचर बनाएर भए पनि बोकेर लैजानेको लर्को हुन्थ्यो । हजुरआमाहरू बाती (बत्ती) कात्नुहुन्थ्यो । हजुरबा रामायण, महाभारत वाच्नुहुन्थ्यो । गाउँका सबैजसो अग्रजलाई भनेर भेट्न आउँथे । सहयोगको भावनामा जात, धर्म, सम्प्रदायको कुनै प्रवाह थिएन । बुद्ध धर्मावलम्बी- 'अहिंसा परमो धर्म' को भावना । लामाले त्रिपिटकका विचार पोख्थे । हिन्दूमा 'परोपकार पुण्याय पापाय परपीडनम्' भन्ने भाव मिसिन्थ्यो । बसुधैव कुटुम्बकम् । नीति र कानुनभन्दा पनि प्रेम र भावनामा । किराँतीसँग स्वच्छताको पवित्र स्वभाव हिमालझैँ उँचो थियो । मुन्धुमका सुम्निमा र पारुहाङमा हिन्दूका शिव पार्वती एकैको एकता । संस्कृति र स्वाभिमान सबैको समान । कानुनमा लेखेकै होइन । स्वार्थ र सम्पत्तिको रत्तिभर पनि गन्ध आउँदैनथ्यो । चाहे अभाव नै होस् तर सबै खुशी र सुखी नै देखिन्थे । ओल्लो डाँडादेखि चार कोस टाढा परको छिमेकीमा समेत खरखेतको सम्बन्ध हुन्थ्यो । चिनाजानी हुन्थ्यो । कसैले कसैलाई फरकपनको भाव देखिन्नथ्यो- मात्र सद्भावको मैत्रीपूर्ण व्यवहार हुन्थ्यो । आज बिस्तारै त्यो सुन्दर नेपाली समाजको सुखसत्तामा आगो जलिरहेको देख्छु । हिजो छिमेकीको करेसाको सब्जी खान मन लागेपछि विनाअनुमति नै बारीमा पसेर टिप्दै गर्दा सब्जी धनीले देखिहालेमा भन्थे- 'जाबो यत्ति लगेर कति खान्छौ ? कमसेकम जहानलाई पुग्नेसम्म त लैजाऊ न ।' गाली होइन उल्टै प्रेमले थपिदिनेले मान्छे आज अनुमति मागेर अलिकति यसो मागिहालेमा प्रतिक्रिया दिन्छन्- 'कति रुपैयाँको दिऊँ ?' बारीको डिलको अम्बा टिपेर खानलाई कसैले अनुमति माग्दैनथे बरु उल्टै गफैगफमा- 'अम्बा त मीठो रहेछ...' मात्र निःस्वार्थ प्रेम । गाउँमा दाइँ हालेपछि गाउँभरिका केटाकेटी र बूढाबूढी भेला हुन्थे । बारीबाट साँचेर राखेको सगरखण्ड र पिँडालु उसिनेर बाक्लो दूधको चियाको चुस्की साथमा पाउँथे । गफको रमाइलोसँग सबैजसो पराल छिरोल्दै दयैँरेहरू गीतमा आफ्नै भाका हाल्थे । गाउँमा कसको छोरो, कसकी छोरीको पढाइ कति हो, विवाहका लागि जोडी मिलाउने सम्मका गफ हुन्थे । हाम्रो प्राचीन संस्कारका हरेक चाडबाडमा आफ्नै सक्रियता रहन्थ्यो । आहा ! स्वस्थानी पूजा, तुलसी पूजा (मोठमा आहुती) हुँदा घरघरमा प्रसाद पुऱ्याउने चलनसितको सम्बन्ध । सेल, खीर या यसो घरमा मीठो मसिनो पाकेका दिन देवी देउराली सम्झेर कुलायनसहितलाई अर्पेपछि मात्र खाने सुचलनमा आफ्नै विज्ञानको घुलन । बहिन्दू र मुस्लिमको फरक । मात्र मानव र मानवताको अभाव रहेछ । तर, परिवर्तनमा अब शीतयुद्ध पनि किन यथार्थतासँग चेतना बलवान् हुनुपर्छ । आज कट्टरवाद पनि 'कर्मणो जायते द्विज' भन्ने मर्ममा बदलिँदै छ । जादुको छडीझैँ मार्क्सको क्रान्तिवादले मात्रै नेपाली समाजमा साम्यवाद आउँदैन तब बुद्धको शान्तिघोष र जनकको ज्ञानभित्र अर्को वाद भित्रिन सक्छ । विदुरको चातुर्यतामा सद्भाव र सम्मान मात्रै जाग्छ । न त मार्क्र्सवादी सोचले अकर्मण्यतामा घोचेर साम्यवाद भित्र्याउँछ तर समय बलवान् छ, सबै परिवर्तन मार्क्सवादी सिद्धान्तभन्दा बलिया पनि बन्न सक्छन् । शान्तिदूत प्रेम रावतको वाणीले डोऱ्याउँछ : युद्धले पुनर्युद्ध जन्माउँछ शान्तिले सद्भाव बढाउँछ । युद्धले हिजोको प्रेमको दूरीलाई मार्छ भने त्यो परिवर्तनमा खोट बाँचिरहन्छ । क्रान्तिले शान्तिलाई मार्छ, वैरभाव जन्माइरहन्छ तर शान्तिले क्रान्तिका अन्धभक्तको दिमागमा आफ्नो फिलुङ्गो छोड्छ तब आभार र निष्पक्षता बढिरहन्छ । साम्यवादभन्दा रामराज्य किन बलियो हुँदैन र ! बदलाले विकल्प रोज्छ । स्वधर्म र स्वसंस्कृति बिर्सनेले हाम्रा राम्रा कला, लोकभाका, लोकसंस्कृति र सभ्यतालाई मार्छन् । आधुनिक बन्ने कि पश्चिमीकृत- मेरा अघि प्रश्नका अप्ठ्यारा धर्साहरू तेर्सिन्छन् । कुपरम्परा ढलेको स्वच्छ र स्वस्थ समाजबाट संसारले सिक्छ -नेपाली सामाजिक ज्ञानको क्षितिजलाई । थैलीको मुख टम्म पार्न चाहँदा जीवनको गन्तव्यमा उडेको पन्छीलाई अवरोध तुल्याउने पनि साधक बन्दैन । तर, उनान्सयको घनचक्करमा भाइचारा र बन्धुत्वभावमा ढढेलो लागे सभ्यता केवल इतिहास बन्छ । परिश्रम गर्न त स्वदेशमै जान्नुपर्छ विदेश त घुम्न, हेर्न, केही नयाँ भए सिक्न पो जाने हो । सम्झन्छु- जिउँदाको जन्ती र मर्दाको मलामी बन्ने नेपालीत्व भित्र मलामी जाँदा सबैका आँसु उसै गरी खस्थे । जति पानी बाराबार गरेर झगडा गरे पनि देशको देउता र गाउँको भूत मिल्दैन भन्थे । भेला, पर्व, दशैं या चाडबाडमा मिलिहाल्थे । अलिकति शिक्षाको उज्यालो बढ्दै जाँदा दलित र पिछडा भनिएका वर्गले पनि सबै सरह प्रगतिमा नलम्केको पनि छैन । दिनभरि कमाएर रातमा पिएर सिध्याउने कुचलनको प्रथामा सुधार पनि हुँदै आएको लाग्छ । श्रीमान् श्रीमतीको झगडालाई गाउँलेले नै मिलाएपछि भोलिपल्टदेखि दम्पती सङ्गै खेतबारीमा काम गर्थे । पारपाचुके किन हुन्थ्यो र ! कच्चरी, मुद्दामामिलाको न्यायालय समाज । अमानवीय कर्ममा दण्ड र राम्ररी न्यायपूर्ण टुङ्गो लाग्थ्यो । बाहुनका छोराको गल्ती र सार्कीको छोराको गल्तीमा बरु बाहुनलाई बढी सजाय थियो । त्यहाँ मर्यादा, आचरण र अनुशासनलाई अक्षररहितको लक्ष्मण रेखा मान्थे । यदि कसैको छोरो या छोरी मन परेमा लमी बनाई माग्ने र केटाकेटीको मन बुझेमा मात्र विवाह गर्ने चलन थियो । विवाह धुमधाम नै भन्ने पनि थिएन तर विधिविधान छोडिन्नथ्यो । आज वर्षौँसम्म जन्माई, हुकाई गरेका छोराछोरी आफू खुशी सुटुक्क जान्छन्, सुटुक्कै ल्याउँछन् । आमाबाबाको मर्यादा र योगदानको कुनै कदरै हुँदैन । यदि विवाह गर्नुपऱ्यो भने गरगहना र महङ्गो खर्चको ढोल पिटिरहन्छन् । हिन्दू धर्मको महङ्गो परम्पराले संस्कृतिसम्मत कर्मलाई सम्पन्न गर्दा मानिस कङ्गाल हुन थालेका छन् । लोकाचारले परम्परालाई ढाड भाँच्ने खुँडा बनायो । ज्ञान र विज्ञान त जाने हुनन् तथापि मर्यादा र अग्रजको सम्मान गर्नै नजान्ने छाडा प्रवृत्तिमा युवा पुस्ताले आफ्ना राम्रा, सुन्दर र सद्भावका ज्ञान निधिलाई भुल्नु हुन्छ र ! परदेशी देखावटी बडप्पनको आकर्षण लिसो बन्यो । भाषा, भेषभूषा, पहिरनभित्र विचलन मौलायो । के अबका दश वर्षपछि बाहुनी बज्यैको ममतामा माइला दाइले सद्भाव अर्पण गरेको कुरा अतुलनीय बन्दैन र ! नवपुस्ताले जीवनोपयोगी मौलिक प्राचीन निधिलाई ग्रहण गर्दैन । हिजो घरभरिका मान्छेले समाजमा अनैतिक कर्म गर्नेलाई गाली गर्थे । समाजमा नाक काट्ने काम नगरेस नैतिक शिक्षा सिकाइन्थ्यो । हजुरबाले वाचेका रामायणलाई नातिनातिनाले नक्कल गर्थे । जीवन र आदर्शता सिक्थे । पारिवारिक विखण्डनका विषय स-साना मुद्दाबाट भए पनि पछि गएर मिल्थे नै । प्रेम टुसाउँथ्यो । गरिबी र अभावको कारण अनैतिकता हुन्थे तर आज जस्तो निर्ममता हुन्नथे खै । पतिव्रता र पत्नीव्रताको मान्यतामा समाज र पारिवारिक मर्यादा उच्च स्तरको हुन्थ्यो ।

समृद्ध नभएर पनि सुखी जीवनको बेग्लै सुगठन । विपन्न भएर पनि आनन्दमा रम्ने बेग्लै संस्कृति । आज त साना बच्चालाई छोडेर आमा अर्कासँग पोइल जान्छिन् । आज आमाले बच्चालाई कसरी झाडीमा फाल्न सक्छिन् । परदेशमा श्रीमान् पसिना पोख्दै गर्दा श्रीमतीले परपुरुषसँग सम्बन्ध मात्र गाँस्दिनन् स्वदेशमा फर्किंदा भएको सम्पत्तिसहित पोइल जान्छिन् । उल्टै आफूमाथि अन्याय भएको उजुरी दिएर कानुनका आँखामा पानीमुनिको ओभानो बन्छिन्- मूलतः शहरतिर भनौँ । सबै दोषी अवश्य हुँदैनन् तर आज समाजले सामाजिक दायित्व भुल्दा बच्चाले आमाबाबा जीवितै हुँदा टुहुरो बन्नुपरिरहेका दुःख उब्जिएका छन् । बाबाले अर्की आमासँग सम्बन्ध गाँस्ने, आमा अर्कै पुरुषसँग जाने अनि बिचरो त्यो बालकले कसलाई आमाबाबा भनेर बोलाउने ? महिला हिंसा र पारिवारिक विखण्डन एकातिर, अर्कोतिर त्यो बच्चाले कसको शरण लिने ? चाडबाडमा अरूसरह राम्रो लाउने, मीठो खानलाई भनेर कोसँग बालहठ पोख्ने ? आखिर बाल अधिकार हनन भएका यी दुर्दशाभित्र त्यो बालक हिंसा र कुलतको सिकार बन्ने स्थितिलाई हामीले दिनदिनै जन्माइरहेका छौँ । हो, बरु हिजोकै बाहुनी बज्यैको लच्छिनको हातमा खुशी हुने दर्जी माइला दाइले आफ्नै ट्याक्टरले आफ्नै खेत जोत्दा माइली काकीले मकै रोपेको हेर्दा मलाई मजा लाग्छ- हटेको विभेद र बढेको सद्भावसँग ।

*-समकालीन साहित्य डटकम*

कथा ● विष्णु एस राई

## खाजा कसले बनाउने !

**_श्रीमान् अर्थात विपिनको अफिस बस नौबजे उसलाई पिकअप गर्न आउँथ्यो र श्रीमती अर्थात् कमलाको स्कुल बस उनलाई लिन सवा नौमा आउँथ्यो । र अहिले साढे आठ बजिसकेको थियो । बिग्रेको देखेर चुप लागिन् ।_**

"तिमीसँग बिहे गर्नु मेरो जीवनको सबैभन्दा ठुलो गल्ती रहेछ", उनले गुनासो पोखिन् । "अच्छा ! आज १५ वर्षपछि यो कुरो थाहा भयो तिमीलाई, हैन ? बिचरी !" उसले तुरुन्त जवाफ दियो । "कस्ता कस्ता धनी र राम्रा केटाहरू मेरो हात माग्न आएका थिए । कुन्नि के देखेकी होला मैले तिमीमा ?" उनले आफैँलाई भनेजस्तो गरी भनिन् । "भाग्यमानी थिए ती मोराहरू ! उम्किगए । म मूर्ख चाहिँ जालमा परेँ ।" उसले आफ्नो दोष देखाएजस्तो गरी व्यङ्ग्य हाने । "मैले तिमीलाई जालमा पारेँ रे ? फूल कसले पठाउँथे ? मैले ? लामा लामा मेसेजहरू कसले गर्थे ? मैले ? बिहेका लागि प्रस्ताव कसले गरेको थियो, मैले ?" उनले च्यालेन्ज गरिन् । "होइन । मै मूर्खले गरेको थिएँ ।" उसले हार स्वीकार गऱ्यो । "कम से कम तिमी के हौ भन्ने त थाहा भयो तिमीलाई ।" उनले मौका पाएर हिर्काइहालिन् । "के रे ? के हुँ म ?" हिर्काइले रनफनिन्दै भन्यो उसले । "तिमीले आफ्नै मुखले भनेको हैन अहिले ?" उनले फेरि त्यही ठाउँमा प्रहार गरिन् । "के भनेँ र मैले ?" उसले प्रहार छल्ने प्रयास गऱ्यो । "तिमीलाई थाहा छ त्यो !", उनले फेरि त्यही ठाउँमा नमिठो गरी हिर्काइन् । "भए पनि म तिम्रै सुन्दर मुखबाट सुन्न चाहन्छु । भन । भनिदेऊ न कि म, तिम्रो श्रीमान्, मूर्ख छु ।" श्रीमतीको प्रहार फर्काउन नसकेकाले असहाय हुँदै उसले भन्यो । "मैले कहाँ भने र ?" उनले निर्दोषता देखाइन् । "तर तिमी भन्न चाहन्थ्यौ, होइन ?" ऊ रिसमा डढ्न थालेको थियो । "मलाई केही चाहिएको छैन । मेरो कुन चाहिँ चाहना यस घरमा पूरा भएको छ र ? म त १५ वर्षदेखि यस घरकी नोकर्नी भएर बसेकी छु ।" उनले भनिन् । "तिमी ? नोकर्नी ? १५ वर्षदेखि म यस घरकी मल्किनीको दास भएको हो । मैले तिमी र यस घरका लागि १५ वर्षदेखि आफ्नो रगत-पसिना बगाउँदै आएको छु । कुरा गर्छे !" उसले जस्तालाई त्यस्तै जवाफ फर्कायो । "हो, तिमी नोकर भएर बस्यौ र मैले सधैँ तिम्रो भात पकाउने, तिम्रो लुगा धुने, तिम्रा दुईवटा छोराछोरीको स्याहार सुसार गर्ने आनन्द लिएँ, होइन एक पलको विश्राम मैले यो घरमा कहिल्यै पाइनँ । कुरा गर्छ !" "मैले यो आइमाइका लागि आफ्नो घर परिवार छोडेँ जसको पुरस्कार यस रूपमा आज पाउँदै छु । आमाले ठीक भन्नुभएको थियो । उहाँको कुरामा मैले ध्यान दिनुपर्थ्यो ।" उसले आफैँसँग कुरा गरेजस्तो गरी भन्यो । "किन सुनेन त आमाको कुरा, बुढी आमैको बाछोले ?" उनले उसको खोप्टो परेको घाउलाई खोस्रिदिइन् । "आफ्नो त्यो चोथाले मुख बन्द गर । मेरी आमा तिम्री आमा जस्ती हैन –सबैमाथि हैकम चलाउने ।" उसले पनि प्रहार गऱ्यो । "के भन्यौ तिमीले मेरी आमालाई ?" उनले च्यालेन्ज गरिन् । "मैले जे भनेँ तिमीले सुनिसक्यौ ।" उसले केहीछिन अगाडि प्रयोग गरेको उनैको प्रविधि प्रयोग गऱ्यो । "मैले के सुनेँ रे ?" "त्यो तिमीलाई थाहा छ ।" "भएपनि म तिम्रो ठुलो मुखबाट सुन्न चाहन्छु । भन, भनिदेऊ न कि मेरी आमा छुच्ची हो ।" "मैले भनिनँ त्यो ।" "तर भन्न त चाहन्थ्यौ, होइन र ?" "हे भगवान ! म तिमीसँग कुरै गर्न चाहँदिनँ । एकछिनको लागि त शान्ति देऊ मलाई । चुप लाग !" दुवै खेलाडी थाकिसकेका थिए । सधैँझैँ आज पनि विवाद बिहान शुरु भएको थियो । प्रश्न थियो कसले पहिले ओछ्यान छाड्ने र खाजा तयार पार्ने । काम गर्ने धाइ बेलुकी मात्र आउँथिन्, त्यसैले दुईजनामा एकले त खाजा पकाउनैपर्ने थियो । श्रीमान् अर्थात विपिनको अफिस बस नौबजे उसलाई पिकअप गर्न आउँथ्यो र श्रीमती अर्थात् कमलाको स्कुल बस उनलाई लिन सवा नौमा आउँथ्यो । र अहिले साढे आठ बजिसकेको थियो । अन्ततः जस्तो एउटा नेपाली परिवारमा हुन्छ त्यस्तै श्रीमती उठेर किचेनतर्फ लागिन् । तर पतिलाई कस्तो लाग्यो भने उसकै घरमा उसको कुनै इज्जत छैन । विवादले रिसलाई निम्ताउँछ र रिसले विवेकलाई खाइदिन्छ । रिसले मुर्मिरिँदै श्रीमान् उठेर अफिस जाने तरखर गर्न थाले । श्रीमतीजी श्रीमानको मुड साह्रै बिग्रेको देखेर चुप लागिन् । हुन त दुवैजनामा यस्ता ठाकठुक परिरहन्थ्यो तर आज अलिकति बढी भयो क्यारे । बाथरुमबाट निस्केर लुगा लाएर, ब्याग हातमा लिएर ऊ बाहिर निस्किन तयार भयो । "कफी तयार छ", कमलाले किचेनबाट सुन्नेगरी अलिक ठुलो स्वरमा भनिन्, "सेन्डविच पनि पाँच मिनेटमा तयार भइहाल्छ ।" "तिम्रो सेन्डविच तिमी आफैँ खाऊ", उसले पनि किचेनमा सुन्नेगरी ठुलो स्वरमा भन्यो, "एक दिन खाजा नखाएर कोही मर्दैन ।" "हुन्छ आफैँ खाउँला । कसैले नखाए के हुन्छ ?", उनले पनि रिसको झोँकमा भनिन् । जवाफमा विपिन कोठाबाट हुर्रिँदै बाहिर निस्क्यो र कमलाले पनि ढोकालाई भएभरको बलले घड्याक्क बन्द गरिन् । विपिनलाई अफिसमा मन लागेन । सम्झिरहे कसरी कमला उसका लागि हातमा कफीको कप लिएर उभिराखेकी थिइन् र कसरी ऊ नदेखेझैँ गरी हिँडिदिएको थियो । उसले नै खाजा बनाए पनि त हुन्थ्यो नि ! उसले अफिसमा काम गर्छ भने उनी पनि त दिनभरि स्कुलमा पढाउँछिन् । उनी पनि त थाकेकी हुन्छिन् । दुवैजनाले मिलेर पकाउँदा पनि त हुन्थ्यो होला नि ! कमला पनि खुसी हुन्थिन् । उसले खाना पकाउन र गल्ती गर्दा, कमला कसरी हाँसेर उसको गल्ती सच्चाउँथिन् – रिसाएझैँ गरेर भन्थिन्, "हट उता ! तिमीले सघाउनुभन्दा त नसघाउनु नै बेस । सारा काम मैले फेरि गर्नुपर्छ ।" भन्न त भन्थिन् तर पति किचेनमा सँगै उभिएको हुँदा उनका आँखा हाँसिरहेका हुन्थे । विपिनलाई पछुतो भयो । उसमा र एउटा अशिक्षित पतिमा के फरक छ त ! उसले यसो गर्नु हुँदैनथ्यो । बेलुकी घर फर्केपछि ऊ कमलालाई सरी भन्ने छ । उसलाई लिएर खाना खान बाहिर गुड लक रेस्टोरेन्ट जानेछ । सँगै बाहिर नगएको पनि कत्ति भइसक्यो । कमलालाई गुड लकको रोस्टेड पेकिङ्ग डक खुब मनपर्छ । सुनेर कति खुसी होलिन् – उनको हँसिलो मुहारको कल्पना गर्दा विपिन आफैँ पनि मुस्काए र उसको मन हल्लुङ्गो भयो । यता विपिन गएपछि कमला एकछिन कफीको कप हातमा लिएर त्यसै उभिरहिन् । पति भोकै अफिस गएकाले कताकता उसको मुटु दुख्यो । उसले त्यति सारो नभन्नुपर्ने थियो । विपिनले पनि बेला बेला खाजा बनाएकै छ दुवैजनाका लागि । हुनसक्छ आज उसको मन ठीक थिएन होला, त्यसैले उसलाई नै पटक पटक खाजा बनाउन भनेको हो कि ! गल्ती भइगयो । भरे बेलुकी विपिनको मनपर्ने खाना पकाउँछु भनेर उनले अठोट गरिन् । उनले आज स्कुल नजाने निर्णय गरिन् र फोन गरेर नआउने प्रबन्ध मिलाइन् । विपिनलाई मटर पनीर असाध्यै मनपर्छ । फ्रिज खोलेर चेक गरिन् । रहेनछ । बजार गएर किनेर ल्याइन् । एकछिन ठुलो सिसामा आफ्नो अनुहार हेरिन् र घरको सरसफाइमा लागिन् । एक बज्यो । एक कप कफी खाने विचार गरिन् । उता अफिसमा लञ्च आवर भयो । विपिन पनि क्यान्टिन जानलाई कुर्सीबाट उठ्यो तर उठ्न नसकेर भुइँमा लड्यो । सारा अफिस हल्लिन थाले । चारैतिर अफरातफरी । कुनाको ठुलो दराज गड्याङ्ग गर्दै ढल्यो र त्यसभित्रका फाइलहरू छताछुल्ल भए । झ्यालहरू भर्याक भुरुक गर्दै खुल्न र बन्द हुन थाले । महिला कर्मचारीहरू आत्तिएर चिच्याएको सुनियो । जमिन यसरी हल्लिराखेको थियो कि विपिन रक्सीले मातेको मान्छेझैँ गर्दै उठ्यो र गएर अफिसको ढोकामुनि उभियो । कोही कराउँदै भागेर कोठा बाहिर निस्के, कोही त्यहीँ भुइँमा लडे । अफिसका सबैभन्दा सिनिएर हाकिम पोखेल म्याडम आफ्नो ठुलो टेबलको मुनि छिर्नुभयो तर शरीर पूरै छिर्न नसक्दा उहाँको विशाल नितम्ब बाहिरै देखियो । विपिनले हतार हतार त्यताबाट आफ्नो नजर अर्कैतर्फ सार्यो । एकतले अफिसलाई त केही भएन तर सामुन्ने रोडपारिको आठतले भवन उसको आँखै अगाडि तासको घर जस्तो गर्ल्याम गुर्लुम गर्दै लड्यो जसको धुलो उसको नजिकसम्म आइपुग्यो । दिमागले काम गर्न थालेपछि भुइँचालो आएको भन्ने बुझ्यो उसले । पहिलो विचार उसको दिमागमा कमलाको आयो । उसले फोन गर्यो तर लागेन । अफिसमा सबै फोन गरिराखेका थिए तर कसैको पनि लागिरहेको थिएन । बिस्तारै जमिन हल्लिन बन्द भयो । विपिनले आफ्नो ब्याग उठायो र अफिसबाट बाहिर निस्क्यो । बसबाट निस्केर ऊ आफू बसेको घरको अगाडि पुग्दा त्यहाँ केही थिएन । त्यो चारतले घरको ठाउँमा सिमेन्ट, इँट, छड, काठको थुप्रो थियो । ऊ विक्षिप्त भइ दगुर्दै त्यहाँ पुग्दा प्रहरी र रेसक्यु पार्टीका युवाहरूले उसलाई रोकिदिए । "प्लीज मलाई जान देऊ । मेरी श्रीमती भित्र छिन्", उसले रुँदै भने तर स्वयंसेवकहरूले जान दिएनन् । "त्यहाँ जान खतरा छ । बिल्डिङको बचेको भाग ढल्न सक्छ । हामी जे गर्नुपर्ने हो गर्दैछौँ । केही भेटियो भने हामी तपाईंलाई बोलाउँछौँ ।" ज्ञान हराएको मान्छेझैँ विपिन त्यहीँ बसिरह्यो इँटको थुप्रोमाथि । झण्डै एक घण्टापछि एक जनाले आएर भन्यो, "विपिनजी, आउनुस् ।" स्वयंसेवकहरूले खन्दा पाएका थिए एउटा हात जो शरीरबाट काटिएर उच्छिटिएको थियो । एउटा नारीको हात जसले कफी कप समातिराखेको थियो, र हातको औँलामा सुनको औँठी सूर्यको प्रकाशमा टल्किरहेको थियो । विपिनले चिन्यो यो त्यही औँठी थियो जो उसले कमलालाई अस्ति मात्रै उनको बिहेको पन्ध्रौँ वर्षगाँठमा दिएको थियो ।

*-साहित्यपोस्ट डटकम*

# विद्यार्थीलाई स्टेशनरी सामान वितरण




**पाल्पा,माघ** ९/नेपाल पुस्तक तथा स्टेशनरी ब्यवसायी महासंघ पाल्पाले सामुदायिक विद्यालयका विद्यार्थीलाई स्टेशनरी सामग्री वितरण गरेको छ । १३ औं राष्ट्रिय पुस्तक दिवस तथा बसन्त पञ्चमीको अवसरमा जिल्लाको बगनासकाली गाउँपालिका -९ चिलाङ्दीमा रहेको बसन्त प्राथमिक विद्यालयमा अध्ययनरत ४० जना विद्यार्थीलाई महासंघले स्टेशनरी सामान दिएको हो ।

महासंघले विद्यार्थीहरुलाई ३० हजार बराबरको कपी, सिसाकलम, डट्पेन, इलेजर,सापनर, स्केल लगायतका सामाग्री दिएको हो । शुक्रबार विद्यालयमै पुगी एक औपचारिक कार्यक्रमकाबिच उक्त सामान दिइएको महासंघले जनाएको छ । विद्यार्थीहरुलाई कार्यक्रमका प्रमुख अतिथि नेपाल पुस्तक तथा स्टेसनरी ब्यवसायी संघ लुम्बिनी प्रदेशका सह-सचिव किशोर भट्टराईले स्टेसनरी हस्तान्तरण गरेका थिए । सामान हस्तान्तरण गर्दै भट्टराईले पाल्पा शाखाले सामुदायिक विद्यालयमा आएर विद्यार्थीहरुलाई स्टेसनरी वितरण गरेर अनुकरणीय कार्य गरेको बताए । उनले विद्यालयमा अध्ययनरत विपन्न वर्गका विद्यार्थीहरुका लागि शैक्षिक सामाग्रीले थोरै भए पनि राहत मिल्ने विश्वास व्यक्त गरे ।

सहसचिव भट्टराईले प्रत्येक बर्ष पुस्तक दिवस तथा बसन्त पञ्चमीको अवसरमा गरिब विपन्न र दुरदराजका विद्यालयमा पुगेर महासंघले स्टेशनरी सहयोग गर्दै आएको बताए । गत बर्ष छेलुङ्गको बोटे बस्तीमा रहेको राधाकृष्ण प्राविमा पुगेर सामाग्री दिइएको यनको भनाई छ । हरेक वर्ष महासंघले सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालयमा शैक्षिक सामग्री सहयोग गर्दै आइएको महासंघ पाल्पा शाखाका सचिव विष्णु प्रसाद खनालले बताए । विद्यालय ब्यवस्थापन समितिका सदस्य खेमराज श्रेष्ठले पुस्तक ब्यवसायी महासंघले गरेको कार्यको प्रसंसा गरे । उनले भने “महासंघले विद्यालय र विद्यार्थीप्रति देखाएको सहयोग र सद्भाव प्रशंसनिय रहेको छ ।” आगामी दिनमा समेत सहयोगको अपेक्षा गरिएको उनले बताए । विद्यालय व्यवस्थापन समितिका सदस्य झमानसिं रानाको अध्यक्षता, शिक्षिका राधिका पाठकको स्वागत, प्रधानाध्यापक पुष्पादेवी थापाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

## बलर एडम टी–२० विश्वकपबाट बाहिरिए



**काठमाडौं**, माघ ९/ ह्यामट्रिङ चोटका कारण न्युजिल्यान्डका तीव्र गतिका बलर एडम मिल्ने आईसीसी टी-२० विश्वकप २०२६ बाट बाहिरिएका छन् । दक्षिण अफ्रिकाको फ्रेन्चाइज लिग ‘एसए/ट्वान्टी’ का क्रममा चोटका कारण उनी विश्वकपबाट बाहिरिएका हुन् ।

न्युजिल्यान्डले एडम मिल्नेको ठाउँमा काइल जेमिसनलाई टोलीमा समावेश गरेको छ । ‘एसए/ट्वान्टी’ मा गएको आइतवार एमआई केप टाउनसँगको खेलमा सनराइजर्सका खेलाडी मिल्नेलाई चोट लागेको थियो । उनले यस प्रतियोगितामा १६ दशमलव २७ को औसत र ७ दशमलव ६१ को इकोनोमीमा ११ विकेट लिएका छन् । काइल जेमिसनले अहिले घरेलु टोली भारतसँग टी-२० अन्तर्राष्ट्रिय क्रिकेट खेलिरहेका छन् । टी-२० विश्वकपका लागि यही जनवरी ३१ सम्म टोलीमा परिवर्तनहरू स्वतन्त्र रूपमा गर्न सकिन्छ, त्यसपछि कुनै पनि परिवर्तनका लागि अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) को स्वीकृति आवश्यक पर्नेछ ।

अर्थ/कर्पोरेट समाचार

## सुन तोलाकै ३ लाख नाघ्यो




**पाल्पा,** माघ १०/ स्थानीय बजारमा सुनको मूल्य दिनप्रति दिन बढ्दै गएको छ । बुक्रबार पनि सुनको भाग ठूलो मात्र बढेको छ । विहीबारको को तुलनामा यस प्रतितोला सुन ९ हजार २ सय र चाँदी ३ सय २० ले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासैका अनुसार एक तोला छापावाल सुनको मूल्य ३ लाख १ हजार ४ सय र त्यति नै चाँदीको मूल्य ६ हजार १ सय ९० कायम भएको छ । गत बुधबार एक तोला छापावाल सुनको मूल्य २ लाख ९५ हजार १ सय र त्यति नै चाँदीको ५ हजार ९ सय २० कायम भएको थियो । मंगलबार एक तोला छापावाल सुनको २ लाख ८४ हजार ७ सय र त्यति नै चाँदीको ५ हजार ८ सय ८० कायम भएको थियो । गत आइतबार एक तोला सुन २ लाख ७८ हजार ८ सय र त्यति नै चाँदी ५ हजार ६ सय २५ मा कारोबार भएको थियो । सोमबार एक तोला सुन २ लाख ८२ हजार र त्यति नै परिमाणको चाँदी ५ हजार ८ सय १० मा खरिदबिक्री भएको थियो । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार अन्तर्राष्ट्रिय बजारमा एक औँस सुन ४ हजार ९ सय ६० र त्यति नै परिमाणको सेतो धातु ९८ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।

# अन्तर्राष्ट्रिय शिक्षा दिवस मनाइँदै




**पाल्पा,** माघ ९/ आज अन्तर्राष्ट्रिय शिक्षा दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्षको जनवरी २४ तारिखका दिन यो दिवस मनाउने गरिन्छ । संयुक्त राष्ट्र संघको महासभाले शान्ति र विकासका लागि शिक्षाको भूमिकाको उत्सव मनाउन आजकै दिनलाई अन्तर्राष्ट्रिय शिक्षा दिवसको रूपमा घोषणा गरेको हो । सोही अनुरुप हरेक वर्ष यो दिवस मनाउने गरिन्छ ।हरेक वर्ष यो दिवस मनाउने गरिए पनि नेपालमा भने शैक्षिक क्षेत्रमा सुधार आउन सकेको छैन । सरकारले पूर्वप्राथमिक तहदेखि विश्वविद्यालय तहसम्मको शिक्षाका लागि बर्सेनि २ खर्बभन्दा बढी लगानी गर्दै आए पनि विद्यार्थीको सिकाई उपलब्धिमा खासै सुधार हुन सकेको छैन ।विद्यालय शिक्षा स्थानीय तहमातहत गएपछि नियमन र व्यवस्थापन झन् भद्रगोल बन्दै गएको छ । जसले गर्दा सरकारले शिक्षा क्षेत्रमा बर्सेनि २ खर्बभन्दा बढी लगानी गरे पनि त्यसअनुसारको उपलब्धि हासिल हुन सकिरहेको छैन । प्राविधिक शिक्षाको अवस्था पनि उस्तै छ । सीटीईभीटीअन्तर्गतका प्राविधिक शिक्षालयमा विद्यार्थी अभाव एकातिर छ भने अर्कोतिर शिक्षक अभावले गुणस्तर खस्कँदै गइरहेको छ ।

विद्यालय शिक्षामात्र होइन उच्चशिक्षाको अध्ययनअध्यापन गर्ने मुलुकका ११ वटा संघीय विश्वविद्यालय, विश्वविद्यालयसरह मान्यता पाएका सात वटा स्वास्थ्य विज्ञान प्रतिष्ठान र छ वटा प्रदेश विश्वविद्यालयमा पनि विद्यार्थीको सिकाई उपलब्धि कमजोर छ । विश्वविद्यालयमा बढ्दो राजनीतिक हस्तक्षेप अनि शिक्षक तथा विद्यार्थीको बारम्बारको आन्दोलनले समयमा पढाई, परीक्षा र नतिजा प्रकाशित नहुँदा धेरै विद्यार्थीहरु विदेशिका छन् । विश्वविद्यालयले दिने शिक्षाको गुणस्तर खस्किनु र बाह्य मुलुकको प्रभावका कारण नेपाली विद्यार्थी विदेशिने क्रम बढेको हो । शिक्षाक्षेत्रलाई राजनीतिबाट मुक्त राख्न र व्यवस्थापकीय पक्ष बलियो बनाउने विषयलाई भने सरकारले प्राथमिकतामा राखेको छैन । जसले गर्दा विद्यार्थीहरु विदेशिने क्रम बढेको र शिक्षा क्षेत्र झन् कमजोर बनिरहेको विज्ञहरु बताउँछन् ।

मनको आवाज............
'नाम पनि यूनिक, क्रम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई